# घरेलु श्रमिकको सुचना पुस्तिका

वैदेशिक रोजगारको लागि घरेलु श्रम विशेष क्षेत्रको रूपमा छ । नेपाली पुरूष र महिला घरेलु श्रमिकको रूपमा जाने गरेका छन् । नेपाली श्रमिक घरेलु श्रमिकको रूपमा कुवेत, साउदी अरव, कतार, संयुक्त अरव इमिरेट्स, जोर्डन र साइप्रस देशमा गइरहेका छन् । पछिल्लो समयमा यी देशहरूले घरेलु श्रमलाई श्रम कानुन र अध्यागमन कानुनभित्र समेटेको छ ।

यस पुस्तिकामा ती देशहरूले घरेलु श्रमिकलाई के कस्तो सुबिधा प्रदान गरिएको छ र घरेलु श्रमिकको के के अधिकार हुन् भन्ने मुख्य प्राबधानलाई उजागार गरिएको छ ।

यो पुस्तिका घरेलु क्षेत्रमा काम गर्न चाहाने र घरेलु क्षेत्रमा कार्यरत संस्था र ब्यक्तिलाई उपयोगी हुनेछ । यसमा नेपालले घरेलु क्षेत्रमा लिइएको नीति, कानुन र नियमवारे भने उल्लेख गरिएको छैन ।

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

# कतार

- कतारले २०७४ भदौ ६ गते घरेलु श्रमिकसँग सम्बन्धीत कानुन जारी गऱ्यो ।
- उमेरः १८ बर्षभन्दा कम र ६० बर्षभन्दा बढी
- उपयुक्त आवास, खाना, कार्यसम्पदानको सिलसिलामा वा सोको परिणामस्वरुप विरामी वा घाइते भएका अवास्थामा उचित स्वास्थ्य स्याहार, औषधी र चिकित्सकीय उपकरण प्रदान गर्ने । यसको लागि घरेलु श्रमिकमाथि आर्थिक भार पार्न पाइने छैन ।
- असल ब्यबहार गर्ने, शारीरिक वा नैतिक चोट पुग्ने गरी काममा नलगाउने
- विरामी विदाको सुबिधा, साप्ताहिक विदा, अधिकतम १० घण्टा । प्रत्येक बर्ष ३ हप्ताको तलवी विदा । दुई बर्ष काम गरेवापत दोहोरो टिकट, वोनसको सुविधा ।
- रोजगार प्राप्तिका निम्ति शुल्क र खर्च व्यहोर्नु पर्दैन ।
- रोजगार लगाइदिने एजेन्टले तपाईंसँग कुनै भुक्तानी माग्न पाउँदैन । रोजगारदाताले तपाईंलाई जागिरमा राख्दा लागेको सेवा वा लागत शुल्क तपाईंको महिनावारी तलबबाट पैसा कटाउन सक्दैन ।
- तपाई कतार भिसा सेन्टरमा कतार आउनुभन्दा पहिले विद्युतीय करारमा हस्ताक्षर गर्नुपर्छ । तपाईंको महिनावारी तलब कति हो भनेर करारमा उल्लेख हुनुपर्छ । घरेलु श्रमिकको न्युनतम तलब खाना र वस्ने सुबिधा सहित एक हजार रियाल तोकिएको छ ।
- घरमा, रोजगारदाताले एउटा उपयुक्त कोठा र खाना प्रदान गर्नुपर्छ । हप्ताको एक दिन पूर्ण भुक्तानी प्राप्त गर्ने गरी बिदा

पाउने अधिकार छ । बिदाको दिनमा काम गर्छु भनेर सहमति नजनाएको खण्डमा उक्त बिदाको दिनमा कामबाट पूरै विश्राम पाउने अधिकार छ । आफ्नो बिदाको दिन घरबाहिर बिताउन चाहनुहुन्छ भने आफ्नो रोजगारदातासँग कुरा गर्नुहोस् ।

- प्रत्येक वर्ष तीन हप्ताको तलबी बिदा पाउनुहुन्छ । बिदा कहाँ र कहिले लिन चाहनुहुन्छ भन्नेबारे आफ्नो रोजगारदातासँग छलफल गर्नुहोस् । वार्षिक बिदा पूरै प्रयोग गर्नुभएन भने तपाईंले त्यो बिदालाई अर्को वर्ष प्रयोग गर्न सक्नुहुन्छ ।
- महिनाको अन्त्यमा वा ढिलोमा तेश्रो दिनसम्म भुक्तानी दिनुपर्ने । जवसम्म श्रमिकले आफ्नो ज्याला पुरै पाएको पुष्टि हुने गरी रोजगारदाताले श्रमिकको ज्याला निजको बैंक खातामा जम्मा गरेको प्रमाणित गर्दैन वा निजलाई नगदमा ज्याला भुक्तानी गरेकोमा श्रमिकले सही गरेको रसिद देखाउन सक्तैन । तवसम्म रोजगारदाताले आफ्नो कर्तब्य त्यतिवेलासम्म पुरा गरेको मानिदैन ।
- जुनसुकै बेला गन्तव्य देश स्वतन्त्ररूपमा छोड्न सक्नुहुन्छ । यद्यपि, तपाईंले आफ्नो योजनाबारे रोजगारदातालाई कम्तीमा ७२ घण्टाअगाडि मौखिक वा लिखित दुवै तरिकाले सूचना दिनुपर्छ ।
- घरेलु श्रमिक सम्बन्धी कानुन (२०१७ को नं. १५) अनुसार रोजगारदाताले सहमतिअनुसारको मासिक तलब नदिएमा कतारी रियाल १०, ००० सम्मको जरिवाना तिर्नुपर्ने हुन्छ ।
- स्वीकृतिविना मुलुकभन्दा बाहिर काममा लगाउन पाइने छैन
- श्रमिकको मृत्यु भएमा श्रमिकको देश वा आवासम्म लैजाने खर्च रोजगारदाता आफैले बहन गर्नेछ ।
- दुर्घटना भएमा श्रम कानुन अनुसार नै क्षतिपुर्ति

***तपाईंलाई मद्दत वा थप जानकारी आवश्यक परेमा प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयलाई १६००८ नम्बरमा सम्पर्क गर्नुहोस् ।***

# कुवेत

- कुवेतले घरेलु श्रमिकसँग सम्बन्धीत कानुन ल्याएको हो ।
- कुवेतमा घरेलु श्रमिकको नियमन आन्तरीक मन्त्रालयले हेर्छ । यसको लागि घरेलु श्रमिक बिभाग वनाइएको छ । ३० देखि ७० बर्ष उमेर भएका असल कुवेती नागरीकलाई मात्रै श्रमिक आपुर्ति गर्ने लाइसेन्स उपलब्ध । घरेलु श्रमिक ल्याउने म्यानपावरले सरकारलाई ४० हजार केडी धरौटी राख्नुपर्छ । श्रमिकलाई कुनै शुल्क तिर्न नपाइने
- लिंग र रंगको आधारमा छुट्टाएर गरी बिज्ञापन गर्न नपाइने ।
- प्रत्येक महिनाको अन्तिम दिन तलव दिनुपर्ने । त्यसको प्रमाण हुनुपर्ने । ६० केडीभन्दा तल तलब दिन नपाइने । ओभरटाइमको पारिश्रमिकको ब्यवस्था
- घरेलु श्रमिक आपुर्ति गर्ने एजेन्सीले श्रमिक पठाएको ६ महिनासम्म जिम्मा लिनेछ । ६ महिनाभित्र श्रमिकको विरामी भएमा, काम गर्न नसकेमा वा वस्न नचाहेमा रोजगारदाताको शुल्क फिर्ता गर्न सक्छ ।
- श्रमिकको स्वास्थ्यमा खतरा र आत्मसम्मानमा आँच आउने कुनै काम गर्न नपाइने । यसवारे बिभागले तुरुन्तै उजुरी लिई कारबाही थाल्नेछ । साप्ताहिक विदा, दैनिक १२ घण्टा काम र बाषिर्क विदाको सुबिधा । प्रत्येक बर्ष एक महिनाको तलव वरावरको उपदान ।
- उपयुक्त वसोवासको ब्यबस्था मिलाउने
- श्रमिकको राहदानी, लेवरकार्ड सहित सबै कागजात आफैले राख्नुपर्ने ।
- श्रमिकको सहमति विना कुवेतबाट अर्को देश लैजान पाइने छैन । रोजगारदाताको साथमा सहमतिमा गएमा रोजगारदातासँगै फर्काइनुपर्नेछ ।
- विना लाइसेन्स काम गर्नेलाई ३ बर्ष जेल र १० हजार कुवेती दिनार जरिवाना

# युएई

- घरेलु श्रमिक सम्बन्धी २०१७ को कानुन नम्बर १० जारी
- घरेलु श्रमिकलाई हरेक महिनाको १० तारिखभन्दा अगाडि तलब भुक्तानी, दैनिक १२ घण्टा आराम, हप्तामा एकदिन विदा, बर्षमा ३० दिन विरामी विदा, स्वास्थ्य बिमा, दोहोरो टिकट, मर्यादीत वसोवासको सुबिधा र खानाको ब्यबस्था, काम गर्दा लगाउने पोशाकको उपलब्धता, ब्यक्तिगत कागजात श्रमिकसँग राख्न पाइने
- नयाँ कानुनले १८ बर्ष मुनिकालाई काममा लगाउन नपाइने,
- शारीरिक हानी गर्न नपाइने

**श्रमिक आपुर्ति प्रक्रिया**

- सरकार र नीजि क्षेत्रमा संयुक्त लगानीमा रहेको तडवीर सेन्टरलाई घरेलु श्रमिकको आपुर्ति गर्ने जिम्मेवारी । यी कम्पनी युएई सरकारको प्रत्यक्ष निगरानीमा हुन्छ ।

**युएईभर ३७ वटा तडवीर सेन्टर**

- नेपालको म्यानपावर कम्पनीबाट ल्याइने घरेलु श्रमिकलाई अभिमुखीकरण र तालिम दिइनुको साथै भिसाको प्रबन्ध समेत गर्छ ।
- नेपाली घरेलु श्रमिक आपुर्ति गरेवापत रोजगारदाताबाट ६ हजार दिनार -एकलाख ८० हजार रुपैयाँ) सेवाशुल्क लिने गरिएको छ । नेपाली घरेलु श्रमिकलाई मासिक २२ सय ५० दिनार -६७ हजार रुपैयाँ) तलब तोकिएको छ ।
- रोजगारदाताकै स्पोन्सरसीप

- सिधै घरेलु श्रमिक चाहिने रोजगारदाताले नै स्पोन्सरसीप गर्न पाइनेछ । तडविर सेन्टरले त्यसरी पठाएको श्रमिकको १८० दिनको जिम्मेवारी लिन्छ ।
- शुरुमा आफ्नै स्पोन्सरसीपमा राखी रोजगारदाताको घरमा पठाइनेछ । चित्त बुझेमा ६ महिनापछि रोजगारदाताको जिम्मेवारीमै पठाइनेछ ।
- तडविर आफ्नै स्पोन्सरसीपमा राखेर काममा पठाइनेछ ।
- जति घण्टाको लागि श्रमिक चाहिन्छ । त्यति नै समयको लागि पठाइनेछ ।

# जोर्डन

- दुई वर्षको करारपत्र हुनेछ । आपसी सहमतिमा बढि अवधिको लागि नवीकरण गर्न सकिनेछ । आवासीय अनुमति र स्वीकृति रोजगारदाताले नै उपलब्ध गराउने शर्तमा श्रमिकको न्यूनतम तलब अमेरिकी डलर तीन सय डलर हुनेछ । प्रत्येक दुई वर्षमा हुने करार नवीकरणसँगै न्युनतम तलबमा कम्तिमा दश प्रतिशतले बृद्धि हुनेछ ।
- श्रमिकलाई आपुर्ति गर्ने सम्बन्धी नेपालमा तथा जोर्डनमा तिर्नु पर्ने सबै शुल्क प्रथम रोजगारदाताले बेहोर्नु र तिर्नु पर्नेछ ।
- रोजगारदाताले श्रमिकलाई आफ्नो परिवारसँग स्थायी वा अस्थायी आवासमा मात्र काममा लगाउनु पर्नेछ । रोजगारदाता वा निजको परिवारको सदस्यवाहेक अन्य कुनै पनि ब्यक्तिले श्रमिकलाई कामको लागि आदेश र निर्देशन दिने छैन ।
- रोजगारदाताले श्रमिकलाई आदर सम्मानका साथ व्यवहार गर्नु पर्नेछ । आधारभुत आवश्यकता र अवस्था सहितको काम गर्ने उचित वातावरणको सिर्जना गर्नु पर्नेछ । यसका अतिरिक्त रोजगारदाताले जोर्डनको परम्परा र प्रचलनसँग मिल्ने गरी श्रमिकको गोपनीयता र परम्पराको सम्मान गर्नुको साथै काम गर्नका लागि आवश्यक पर्ने सबै सामाग्रीहरु जस्तै लुगा कपडा, सवस्थ्यकर खाना पानी, उज्यालो र हावादार कोठा, आराम र सुत्ने व्यवस्था समेत प्रदान गर्नु पर्नेछ ।
- रोजगारदाताले निजको आफ्नै खर्चमा श्रमिकलाई निजको परिवारसँग महिनाको दुई पटक टेलिफोन सम्पर्क गर्न दिनु पर्नेछ । काममा बाधा नहुने किसिमले श्रमिकलाई सधै मोबाइल राख्न दिनु पर्नेछ ।
- विदेश यात्रा गर्दा रोजगारदाताले श्रमिकलाई उसको इच्छा बिना र दूतावासलाई सुचना नदिई आफुसँग यात्रा गर्न बाध्य पार्न मिल्दैन ।
- दुई बर्षको करार अवधि समाप्त भए पछि रोजगारदाताले आफ्नै खर्चमा श्रमिकलाई विदामा नेपाल जाने र जोर्डन फर्किने हवाई टिकट प्रदान गर्नु पर्नेछ ।

- रोजगारदाताले जोर्डनको परम्परा, पर्चलन, कानूनको पूर्वाग्रह बिना श्रमिकलाई उसको धर्मरपूजा गर्ने स्वतन्त्रता प्रदान गर्नु पर्नेछ ।
- रोजगारदाताले श्रमिकलाई उसको रहादानी तथा अन्य निजी कागजातहरू निज श्रमिकसँगै राख्न दिनु पर्नेछ ।
- रोजगारदाताले जोर्डनको सम्बन्धित निकायबाट अनुमति प्राप्त बीमा कम्पनीबाट श्रमिकको जिवन र दुर्घटना बीमा गराउनु पर्नेछ ।बीमाको रकम कम्तिमा अमेरिकी डलर दश हजार बराबरको हुनेछ । श्रमिकको तलब भत्ताबाट नघटाउने गरी सो बीमा कम्पनी वा प्रथम पक्षररोजगारदाताले श्रमिकको स्वास्थ्य उपचार पनि गराउनु पर्नेछ ।
- प्रथम पक्षररोजगारदाताले श्रमिकलाई बार्षिक चौध १४ दिनको तलबसहितको बिदा दिनेछ र श्रमिकले सो बिदा करार सेवाको अन्त्यमा पनि लिन सक्नेछ ।
- रोजगारदाताले करार अवधि समाप्त भए पछि श्रमिकलाई अर्को रोजगारदाताकोमा काम गर्न वाधा पुर्याउने छैन ।
- श्रमिकको लागि पर्याप्त आराम गर्ने र सुत्ने अवधि दैनिक आठ ८ घण्टा भन्दा कम हुने छैन भन्ने कुरालाई मध्येनजर गर्दै श्रमिकको दैनिक काम गर्ने समय तालिका रोजगारदाताले मात्र निर्धारण गर्नेछ ।
- श्रमिकलाई हप्तामा एक दिनको तलबसहितको बिदा दिइनेछ । सो विदाको दिन श्रमिकलाई कार्य स्थान बाहिर जान दिइनेछ । बिदाको दिनमा श्रमिकलाई काम गर्नु पर्ने भए आपसी सहमतिमा रोजगारदाताले त्यसको सट्टा अन्य कुनै दिनमा बिदा दिनु पर्नेछ ।
- श्रमिकलाई बार्षिक चौध दिनको तलबसहितको बिरामी बिदा दिइनेछ ।
- रोजगारदाताले श्रमिकको कारणले नभई आफै करारको उल्लंघन गरेमा र सो उल्लंघनको लागि जोर्डनका श्रम मन्त्रालय तथा न्यायिक निकायबाट गरिने सबै किसिमका सौहार्दपूर्ण उपचारहरू र उपायहरू सकेपछि श्रमिकले करारनामा समाप्त गर्ने अधिकार रहनेछ । साथै, त्यस्तो उल्लंघनको लागि रोजगारदातालाई दण्डको दायित्व पनि वहन गर्नेछ ।
- करारको अवधि समाप्त भएपछि रोजगारदाता र श्रमिक दुबै पक्षहरूले जोर्डनको श्रम मन्त्रालयमा उपस्थित भई दुबै पक्षबीच भएको सम्पूर्ण अधिकारहरूको भर्पाई र फरफारक गर्नेछ र दुबै पक्षले सोको प्रतिलिपि आफुसँग राख्नु पर्नेछ ।

# साउदी अरब

- रोजगारदाता र श्रमिकवीच श्रम सम्बन्ध लिखित करारपत्रमा आधारीत हुनेछ । सेवा शुल्क रोजगारदाताले नै ब्यहोर्नुपर्नेछ ।
- रोजगारदाताले ९० दिनभन्दा बढी काममा परिक्षण गर्न पाइने छैन । त्यस समयमा रोजगारदाताले व्यवसाहिक व्यवहार र श्रमिकको सम्मानमा आँच आउने काम गर्न पाइदैन ।
- रोजगारदाता र परिवारका सदस्यले बास्तविक कामसँग सम्बन्धीत दिइएको आदेशलाई श्रमिकले अनुशरण गर्नुपर्छ । बैधानिक कारणविना श्रमिकले घर वा काम छोड्न पाइदैन । इस्लाम धर्मलाई सम्मान गर्नुपर्छ ।
- रोजगारदाताले सिधै, एजेन्सीमार्फत वा कसैको सहायताले घरेलु श्रमिकलाई भर्ना गर्न सक्नेछ ।
- इस्लामिक महिनाको अन्त्यमा श्रमिकलाई नगद, चेक वा वैंकमार्फत तलव भुक्तानी गर्नुपर्छ । तलब दिइएको प्रमाण रोजगारदाताले राख्नुपर्नेछ ।
- श्रमिकलाई दैनिक ९ घण्टा आराम गर्ने समय, हप्तामा एक दिन विदा दिनुपर्नेछ । बढीमा १५ घण्टासम्म काम गर्न पाइनेछ । ओभरटाइमको पैसा दिने ब्यवस्था छैन ।
- साउदीमा घरेलु श्रमिकको न्युनतम तलब तोकिएको छैन ।
- दुई बर्ष काम गरेपछि वा करार अबधी थप गर्नुपरेमा एक महिनाको तलवी विदा पाइनेछ । प्रत्येक बर्ष एक महिनासम्मको विरामी विदा पाइनेछ ।
- श्रमिकलाई साउदीको नियम अनुसार स्वास्थ्य सेवाको सुबिधा दिनुपर्नेछ ।

- करारपत्र रद्द भएमा, समाप्त भएमा वा बैधानिक कारण देखाइ श्रमिक आफैले छोड्न चाहेमा रोजगारदाताले घर फर्किने हवाई टिकट दिनुपर्नेछ ।
- रोजगारदाताको घरमा चार बर्ष काम गरेपछि थप एक महिनाको तलब दिनुपर्नेछ ।
- रोजगारदाताले पहिलो पटक नियम तोडेमा २ हजार रियाल जरिवाना र एक बर्षसम्म घरेलु श्रमिक राख्न नपाइने वा दुवै सजाय पाउने ब्यवस्था छ । दोश्रो पटक पनि नियम तोडेमा ५ हजार रियाल जरिवाना र तीन बर्षसम्म घरेलु श्रमिक राख्न नपाइने छ । तेश्रो पटक पनि नियम तोडेमा जिन्दगीभर घरेलु श्रमिक राख्न नपाइने ब्यवस्था छ ।
- श्रमिकले पनि नियम तोडेमा दुई हजार रियाल जरिवाना र साउदीमा काम गर्न पाइदैन ।

# साइप्रस

- साइप्रसमा घरेलु श्रमिकलाई अन्तरीक मन्त्रालय अन्तर्गतको नागरीक तथा आप्रवासी बिभागले हेर्छ । घरेलु श्रमिक साइप्रस पुगिसकेपछि आप्रवासी कानुन र यससम्बन्धी नियम आर्कषित हुन्छ ।
- रोजगारदाताले घरेलु श्रमिक ल्याउनु अघि आप्रवासी बिभागमा घरेलु श्रमिकलाई फिर्ता पठाउन परेमा यातायात खर्च वापत तोकिएको रकम बैंक ग्यारेन्टी राख्ने गर्छ ।
- साइप्रस पुगेपछि मेडिकल परिक्षण हुन्छ । यसको खर्च रोजगारदाताले भुक्तानी गर्छ ।
- श्रमस्वीकृतिको अबधी, आवासीय कार्ड र करार अबधीको म्याद समाप्त नभएसम्म रोजगारदाता परिवर्तन गर्न पाइदैन ।
- हप्तामा ६ दिन, दैनिक दिन वा रातमा ७ घण्टा काम गर्नुपर्छ । रोजगारदाता वा उसको आधिकारिक प्रतिनिधिले मात्रै कामको आदेश दिन सक्छ । रोजगारदाताको सम्पत्तिलाई क्षति हुनबाट जोगाउने र रोजगारदाता परिवारको गोपनियता राख्ने दायित्व श्रमिकको हुन्छ ।
- न्युनतम तलब वापत वरावार हप्ताको ४२ घण्टा मात्रै काम गर्नुपर्छ । त्यसभन्दा बढी काम गरेवापत ओभरटाइमको भुक्तानी हुनुपर्छ ।
- बार्षिक २४ दिनको विदा पाइनेछ । त्यस विदाको भुक्तानी गर्नुपर्छ । त्यसवाहेक जनवरी १ र ६, मे १, अगस्ट १५, अक्टोवर १, डिसेम्बर २५ र २६, इस्टर सन्डे र इस्टर मन्डे गरी ९ दिनको सरकारी विदा पाइनेछ । तोकिएको विरामी विदा पाइनेछ ।
- घरेलु श्रमिकलाई साइप्रस रहदासम्म कुनै प्रकारको राजनीतिक गतिविधिमा लाग्न पाइने छैन ।

- उपयुक्त बासस्थान र निशुल्क खानाको प्रबन्ध हुनुपर्छ । पेशागत दुर्घटना र स्वास्थ्य उपचारको लागि बार्षिक ८,५५३ युरो वरावरको खर्चलाई धान्ने गरी स्वास्थ्य बिमा हुनुपर्छ । यो बिमाको शुल्क भने रोजगारदाता र श्रमिकले वरावर ब्यहोर्नुपर्छ ।
- रोजगारदाताले न्युनतम तलब अनिवार्य दिएको देखिने गरी बैंकमा श्रमिकको खाता खोल्नुपर्छ । नागरीक दर्ता तथा आप्रवासी बिभाग, अध्यागमन मामिला हेर्ने साईप्रस प्रहरी र श्रम तथा बिमा मन्त्रालयले मागेको जुनसुकै बखतमा तलवी विवरण रोजगारदाताले पेश गर्नुपर्नेछ ।
- साइप्रस सरकारबाट रोजगारको अनुमति लिदा तिर्नुपर्ने शुल्क, साइप्रसबाट अन्यत्र जान लाग्ने यातायात खर्च र रोजगारदाता एजेन्सीलाई बुझाउनुपर्ने शुल्क वापतको खर्च प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा श्रमिकको तलबबाट कटौती गर्न पाइनेछैन ।
- विरामीको कारण काम गर्न असमर्थ भएमा कामबाट निकालिन सक्नेछ । त्यसवापत घर फिर्ताको सवै खर्च रोजगारदाताको हुनेछ ।
- काम छोड्न चाहेमा वा श्रमिक राख्न नचाहेमा रोजगारदाता र श्रमिकले एक अर्कालाई एक महिना अगाडि नै लिखित सुचना दिनुपर्छ ।

**Women's Rehabilitation Center (WOREC)**
Balkumari, Lalitpur, PO Box: 13233,
Phone no: 977-1-2123124, 1-5006373, 1-5006374
Fax: 977- 1-500627,  E-mail: ics@worecnepal.org
Web: www.worecnepal.org